Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३२७ | वि.सं. २०८२ | चैत ५ | बिहिवार | नेपाल संवत: ११४५, चैत्र कृष्णपक्ष औंसी | Thursday 19 March 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## लुम्बिनी प्राविधिक विश्वविद्यालयले पायो स्थायी संरचना




**युग संवाददाता**
**बाँके, ४ चैत ।**

नेपालगञ्जबाट सञ्चालन हुँदै आएको लुम्बिनी प्राविधिक विश्वविद्यालयको केन्द्रीय कार्यालय अब बाँकेको खजुराबाटै सञ्चालन हुने भएको छ।

स्थापना भएको झण्डै पाँच वर्षपछि खजुरा गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको १० कट्ठा जग्गासहितको भवन विश्वविद्यालयलाई हस्तान्तरण गरेपछि अब विश्वविद्यालयको प्रशासनिक कामकाज खजुराबाट सञ्चालन हुने भएको हो।

खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर विकले विश्वविद्यालयका उपकुलपति प्रा डा विनोद ढकाललाई भवन र जग्गाको स्वामित्वसम्बन्धी कागजात बुधबार हस्तान्तरण गरे। गाउँपालिका अध्यक्ष विकले खजुरालाई शैक्षिक र स्वास्थ्यको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य रहेको बताए। दक्ष प्राविधिक जनशक्ति उत्पादन गरी देशको समृद्धिमा यो विश्वविद्यालय कोशेढुङ्गा सावित हुने उनले विश्वास व्यक्त गरे।

"खजुरामा क्यान्सर अस्पताल र कृषि क्याम्पस जस्ता प्रतिष्ठित संस्थालाई स्थानीयले जसरी अपनत्व दिएका छन्। यो विश्वविद्यालयले त्यस्तै माया र साथ पाउनेछ", उनले भने, "विश्वविद्यालयलाई आवश्यक सहयोग र समन्वयका लागि गाउँपालिका सधैँ तत्पर रहेको छ।"

उपकुलपति प्रा डा विनोद ढकालले अब छिट्टै खजुराबाटै विश्वविद्यालयका प्रशासनिक र प्राज्ञिक गतिविधि अगाडि बढ्ने जानकारी दिए। "भवनको आवश्यक मर्मत सम्भार गरी लगत्तै केन्द्रीय कार्यालय सञ्चालन गर्नेछौँ", उनले भने, "पचास बिघा जग्गा प्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुगेको छ, जग्गा प्राप्त हुनासाथ भौतिक पूर्वाधार निर्माणको कामले गति लिने छ।"

विश्वविद्यालयका रजिष्टार रेगबहादुर भण्डारीले जग्गा प्राप्तिको कानुनी अल्झनका कारण प्रदेश सरकारले विनियोजन गरेको बजेट बर्सेनि फ्रिज हुने गरेको बताए। सुरुमा ९४ बिघा जग्गाको प्रस्ताव गरिए पनि हाल ५० बिघामा झारिएको र सो फाइल सङ्घीय मन्त्रिपरिषद्मा निर्णयको पर्खाइमा रहेको उनले बताए।

# टुङ्गिएन इनिशा विक मृत्यु प्रकरणको अनुसन्धान

घटनाको १२ दिनसम्म पनि वास्तविक तथ्य बाहिर नल्याएको भन्दै परिवारले इनिशाको शव बुझ्न मानिरहेको छैनन्। सामुहिक बलात्कार पछि हत्या भएको घटनामा मृत्युको कारण रक्तश्राप देखाएर दोषीलाई उम्काउन खोजिएको उनीहरुको आशंका वा आरोप छ, होइन भने प्रहरीले यस्तो भएको हो भन्ने विश्वासिलो आधार देखाउनु पर्ने उनीहरुको माग छ।

**ओम शाही**
**सुर्खेत, ४ चैत ।**

गएको २३ फागुनमा रहस्यमय तवरबाट मृत्यु भएकी सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१, की इनिशा विक प्रकरणको प्रहरी अनुसन्धान अझै सकिएको छैन। सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-४, स्थित जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा फेला परेकी थिइन।

प्रहरीको प्रारम्भिक अनुसन्धानबाट वीरेन्द्रनगर-१, स्थायी ठेगाना भएकी १६ वर्षीया इनिशाको बलात्कारपछि अत्याधिक रक्तश्रावका कारण मृत्यु भएको खुलेको थियो। विद्यालयमा प्रयोगात्मक कक्षा लिन भन्दै घरबाट निस्किएकी इनिशा अचेत भेटिएको घटनास्थलबाट प्रहरीले १६ वर्षीय एक किशोरलाई समेत नियन्त्रणमा लिएको थियो।

प्रहरीले यस प्रकरणमा अन्य तीन बालकलाई पनि नियन्त्रणमा लिएर अनुसन्धान जारी राखेको छ। घटनाको सुर्खेत प्रहरी र प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले सुक्ष्म अध्ययन जारी राखेको जनाइएको छ। प्रहरीको उच्च स्रोतका अनुसार पक्राउ परेका बालकहरू उपर अनुसन्धानका विभिन्न कोणबाट बयान लिने काम जारी छ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक मोहनजंग बुढथापाले




अबको केही दिनमा अनुन्धान सक्ने तयारी छ। उनका अनुसार मृतक इनिशा र आरोपित बालकहरूका मोबाइललगायत विद्युतीय सामग्री, इनिशाको भजाइनल स्वाबलगायतका प्राप्त प्रमाणहरू केन्द्रीय विधि विज्ञान प्रयोगशालामा टक्सिकोजिकल, बायोसेरोलोजिकल परीक्षणका लागि पठाइएको छ। त्यो रिपोर्ट आएपछि मात्रै इनिशाको मृत्युको रहस्य खुल्ने बुढथापाले बताए।

घटनास्थलबाट पक्राउ परेका १६ वर्षे किशोरले इनिशासँग शारीरिक सम्बन्ध राखेको र बेहोस भएपछि आत्तिएर तीन जना साथीहरुलाई फोन गरेको बयान दिएका छन्। ति बालकले प्रहरीसँगको बयानमा भने अनुसार फागुन २३ गते शनिबार बिहान ७ बजे इनिशा र उनी सल्लाह गरेर वीरेन्द्रनगरमा रहेको सहिद पार्क नजिकै जंगल गएका थिए।

इनिशाका लागि काटा चुरा लगायत विभिन्न गिफ्ट उनले ल्याइदिएका थिए। यता पीडित बालिकाका आफन्तहरूले चारै जनाको सामूहिक बलात्कारपछि हत्या भएको भन्दै इनिशाको शव बुझ्न मानिरहेका छैनन्। उनको शव १२ दिनयता कर्णाली प्रदेश अस्पतालको शव गृहमा अलपत्र छ। २३ फागुनमा इनिशा बिहान ६ बजे स्कुल जान्छु भन्दै निस्किएकी थिइन।

वीरेन्द्रनगरकै उषा बालबाटिका माविमा कक्षा ११ मा पढ्ने इनिशाले भन्छिन्, 'सरहरुले नि बोलाउनु भएको हो क्या आज स्कुलमा प्राक्टिकल क्लास छ दुई घण्टामा आइहाल्छु नि।' त्यो बिहान इनिशासँग शारीरिक सम्बन्ध राखेपछि अत्यधिक रक्तश्राप भएको र आतिएर अरु तीन जनालाई बोलाएको बयान ति किशोरले प्रहरी समक्ष दिएका छन्।

यो कुरा इनिशाको परिवार मान्न तयार छैन। उनीहरुलाई यो बयान पत्कार लागेको छैन र प्रहरीले ति किशोरसहित अरु तीन जनालाई पनि पक्राउ गरि अनुसन्धान गरिरहेको छ। घटनाको पर्सिपल्ट २५ फागुनमा पिडित परिवारले पक्राउ परेका चारै जना विरुद्ध कर्तव्य ज्यान र जबर्जस्ती करणी मुद्दामा किटानी जाहेरी दर्ता गराएका थिए।

परिवारको जाहेरी पछि भेरी अस्पताल बाकेका फरेन्सिक विशेषज्ञ डाक्टर अर्विन शाक्यको टोलीले

बाँकी ३ पेजमा

## कैलाली भन्सारद्वारा पाँच अर्ब ४० करोड राजस्व सङ्कलन

**युग संवाददाता**
**कैलाली, ४ चैत ।**

कैलाली भन्सार कार्यालय धनगढीले आठ महिनाको अवधिमा रु पाँच अर्ब ४० करोड ६७ लाख राजस्व सङ्कलन गरेको छ। कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को साउनदेखि फागुन मसान्तसम्ममा उक्त परिमाणको राजस्व सङ्कलन गरेको हो।




कार्यालयले भन्सार महसुलतर्फ रु दुई अर्ब ८४ लाख, मूल्य अभिवृद्धि करतर्फ रु दुई अर्ब सात करोड ५९ लाख, अन्तःशुल्कतर्फ रु १० करोड ५६ लाख र अन्यतर्फ रु एक अर्ब २१ करोड ६६ लाख राजस्व सङ्कलन गरेको भन्सार कार्यालयका सूचना अधिकारी प्रकाश तिमिल्सिनाले जानकारी दिए। उनका अनुसार कार्यालयको चालु आर्थिक वर्षमा रु नौ अर्ब ७१ करोड १५ लाख राजस्व सङ्कलन गर्ने वार्षिक लक्ष्य छ। आठ महिनामा सङ्कलन भएको राजस्व वार्षिक लक्ष्यको ५५ दशमलव ६७ प्रतिशत रहेको उनले जानकारी दिए।

चालु आर्थिक वर्षका कुनै पनि महिनामा राजस्व सङ्कलन लक्ष्यमा भने पुग्न सकेको छैन। कार्यालयले साउनमा रु ७१ करोड ६१ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा रु ५७ करोड ८० लाख, भदौमा रु ७४ करोड २१ लाख लक्ष्य रहेकामा रु ५३ करोड ७० लाख, असोजमा रु ७६ करोड ७७ लाख लक्ष्य रहेकामा रु ६७ करोड ७८ लाख र कात्तिकमा रु ८४ करोड ६७ लाख राजस्व सङ्कलनको लक्ष्य रहेकामा रु ७२ करोड ५४ लाख मात्रै राजस्व सङ्कलन गरेको सूचना अधिकारी तिमिल्सिनाले जानकारी दिए।

त्यस्तै मङ्सिर महिनामा रु ७८ करोड ३३ लाख राजस्व सङ्कलनको लक्ष्य रहेकामा रु ६८ करोड ९१ लाख, पुसमा रु ८१ करोड २५ लाख लक्ष्य रहेकामा रु ७४ करोड ६५ लाख, माघमा रु ७६ करोड नौ लाख लक्ष्य रहेकामा रु ६८ करोड ८२ लाख र फागुन महिनामा रु ७७ करोड १४ लाख लक्ष्य रहेकामा रु ७६ करोड ४४ लाख मात्रै

बाँकी ३ पेजमा

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं।**

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं।
- विविधतामा एकता, सद्भाव र सहिष्णुता।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय....

# भेरी लिफ्टमा विलम्ब नहोस् !

वीरेन्द्रनगर आज कर्णाली प्रदेशको राजधानी हो । तर राजधानीको पहिचानसँग मेल खाने आधारभूत सेवा अझै सुनिश्चित हुन सकेको छैन । खानेपानीजस्तो आधारभूत आवश्यकता नै अनियमित हुँदा नागरिकले जारको पानी किनेर जीवन धान्नुपर्ने अवस्था आफैंमा विडम्बनापूर्ण छ । धारामा पानी आउने समय थाहा नहुने शहरलाई आधुनिक शहरीकरणको उदाहरण भन्न मिल्दैन । यस्तो परिस्थितिमा भेरी लिफ्ट खानेपानी आयोजना आशाको किरण बनेर आएको छ । संघ, प्रदेश र स्थानीय सरकारको साझेदारीमा अघि बढिरहेको यो आयोजना केवल पूर्वाधार निर्माण मात्र होइन, वीरेन्द्रनगरको भविष्यसँग जोडिएको जीवनरेखा हो । पाँच सय ६० लिटर प्रतिसेकेण्ड पानी ल्याउने लक्ष्यले दीर्घकालीन समाधान दिने अपेक्षा गरिएको छ । तर प्रश्न उठ्छ–के यो अपेक्षा समयमै पूरा हुन्छ ? नेपालमा ठूला आयोजना ढिलाइ, लागत वृद्धि र कार्यान्वयन कमजोरीका कारण आलोचनाको केन्द्रमा पर्ने गरेका छन् ।

भेरी लिफ्ट आयोजना पनि त्यही नियतिको शिकार नहोला भन्ने सुनिश्चितता आवश्यक छ। हाल २० प्रतिशत भौतिक प्रगति भएको भनिए पनि बाँकी कामको गति, गुणस्तर र पारदर्शिता महत्वपूर्ण पक्ष हुन् । वीरेन्द्रनगरमा खानेपानीको समस्या अहिलेको भने होइन । २०५७ सालमा स्थापना भएको भुप्रा बृहत हालको सुर्खेत उपत्यका खानेपानी संस्थाले वीरेन्द्रनगरमा खानेपानी आपूर्ति गर्दै आइरहेको छ। तत्कालिन सयममा झुप्रा बृहतको डिजाइनमा २०७१ सम्म बढ्न सक्ने एक लाख चार हजार जनसंख्यालाई आधार मानिएका थियो । २०६० सालमा वीरेन्द्रनगरको कुल जनसंख्या ५४ हजार थियो । झुप्रा बृहत खानेपानी आयोजना निर्माणपछि वीरेन्द्रनगरमा २०६४ सम्म खानेपानीको सहज आपूर्ति हुन्थ्यो । तर, २०६१/२०६२ मा तत्कालिन नेकपा माओवादी र राज्य पक्षबीच चलेको सशस्त्र युद्ध चरम उत्कर्षमा पुगेको थियो । सोही समयमा सुरक्षाका कारण वीरेन्द्रनगर बसाईं सर्नेको संख्या ह्वात्तै बढ्यो । जसका कारण २०७१ मा एक लाख चार हजार जनसंख्या पुग्ने आँकलन गरिएकोमा चार/पाँच वर्ष अघि नै वीरेन्द्रनगरको जनसंख्या दोब्बर भएपछि माग अनुसारको खानेपानी पुऱ्याउन सकस भइरहेको छ्। वीरेन्द्रनगरमा खानेपानीको हाहाकारको श्रृंखला प्रदेश राजधानी भएयता झन चुलिएको छ ।

यो समस्या केवल पूर्वाधारको अभाव मात्र होइन, योजना निर्माणको कमजोरीको परिणाम पनि हो । झुप्रा बृहत खानेपानी आयोजना बनाउँदा गरिएको जनसंख्या प्रक्षेपण समयमै अद्यावधिक नहुनु, बसाइँसराइको तीव्रता नआँक्नु, र शहरीकरणको प्रभावलाई बेवास्ता गर्नु आजको संकटका मुख्य कारण हुन् । अबको आवश्यकता केवल पानी ल्याउने होइन, समग्र जल व्यवस्थापनको दीर्घकालीन रणनीति बनाउने हो । पानीका स्रोत संरक्षण, वर्षा पानी संकलन, भू-जल पुनर्भरण र वितरण प्रणालीको सुधार बिना समस्या फेरि दोहोरिन सक्छ । अन्ततः, भेरी लिफ्ट आयोजना केवल एक परियोजना होइन–यो वीरेन्द्रनगरका नागरिकको जीवनस्तर सुधार्ने परीक्षा हो । यदि यो समयमै गुणस्तरीय र पारदर्शी रूपमा सम्पन्न भयो भने यसले सरकारप्रतिको विश्वास पुनःस्थापित गर्न सक्छ। अन्यथा, नागरिकले अझै धेरै वर्ष पानी कहिले आउला भनेर प्रतीक्षा गरिरहनुपर्नेछ ।

## विश्व

# मध्यपूर्वमा युक्रेनको सक्रियता बढ्दो, २०१ सैन्य विज्ञ तैनाथ

**लण्डन, ४ चैत ।**

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले मध्यपूर्वका विभिन्न देशहरूमा २०१ जना 'एन्टि-ड्रोन' सैन्य विज्ञ तैनाथ गरिएको जानकारी दिएका छन् । उनले बेलायती संसदलाई सम्बोधन गर्दै युक्रेनले 'शहेद ड्रोन'को सामना गर्न सक्ने दक्ष जनशक्ति पठाएको बताए ।

उहाँका अनुसार ती विशेषज्ञ टोलीहरू अहिले संयुक्त अरब इमिरेट्स, कतार, साउदी अरेबिया मा पुगिसकेका छन् भने कुवेत तर्फ जाने क्रममा छन् । साथै थप ३४ जना विशेषज्ञ पनि पठाउन तयारी अवस्थामा रहेको उहाँले बताए ।

राष्ट्रपति जेलेन्स्कीले युक्रेनले दैनिक करिब दुई हजार इन्टरसेप्टर ड्रोन उत्पादन गर्न सक्ने क्षमता विकास गरिसकेको र त्यसको आधा हिस्सा सहयोगी देशहरूलाई उपलब्ध गराउन सकिने बताए । उनले समुद्रभित्र सञ्चालन गर्न सकिने ड्रोन तथा महासागरमा काम गर्ने प्रविधि पनि विकास भइरहेको जानकारी दिए ।

यसैबीच, संयुक्त राज्य अमेरिका र इजरायलले इरान माथि ठूलो आक्रमण गरेपछि क्षेत्रीय तनाव चुलिएको छ। इरानले प्रतिकारस्वरूप आक्रमण गरेपछि होर्मुज जलडमरु हुँदै हुने जहाज आवतजावत समेत प्रभावित भएको छ ।

इरानी सांसद इब्राहिम अजीजीले सामाजिक सञ्जालमार्फत युक्रेन अमेरिकी-इजरायली युद्धमा संलग्न भएकाले अब इरानको निशानामा परेको बताएका छन् । उनले संयुक्त राष्ट्रसङ्घको प्रावधानअनुसार युक्रेनलाई 'वैध लक्ष्य' बनाइएको दाबी गर्नुभयो । क्षेत्रीय द्वन्द्व थप चर्किने संकेत देखिएको छ ।

# गाजामा इजरायली आक्रमण, हमासका कमाण्डर मारिएको दाबी

**यरुशलम, ४ चैत ।**

इजरायली सेनाले गाजामा गरिएको लक्षित आक्रमणमा हमासका एक वरिष्ठ नौसैनिक कमाण्डर मारिएको दाबी गरेको छ।

इजरायल रक्षा बल र आन्तरिक सुरक्षा निकायले संयुक्त रूपमा जारी गरेको वक्तव्यअनुसार उत्तरी गाजा क्षेत्रमा कार्यरत हमासको नौसैनिक इकाइका कमाण्डर युनुस मोहम्मद हुसेन अलियान सोमबार गरिएको आक्रमणमा मारिएका हुन् । उनी नौसैनिक बलको सञ्चालन, तालिम तथा हतियार तयारीको जिम्मेवारीमा रहेका बताइएको छ।

वक्तव्यमा हालका हप्ताहरूमा उनले आफ्नो इकाइको क्षमता पुनःनिर्माण गर्दै सम्भावित आक्रमणको योजना बनाइरहेको आरोप लगाइएको छ। आक्रमणका क्रममा सर्वसाधारणलाई क्षति नहोस् भनेर सावधानी अपनाइएको पनि जनाइएको छ ।

यसैबीच, प्यालेस्टिनी रेड क्रिसेन्ट र स्थानीय स्वास्थ्य स्रोतका अनुसार दक्षिणी गाजाको अल-मवासी क्षेत्रमा मङ्गलबार गरिएको हवाई आक्रमणमा ३ जना प्यालेस्टिनीको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन् ।

गाजाको स्वास्थ्य निकायका अनुसार सन् २०२३ अक्टोबर ७ यता सो क्षेत्रमा मृत्यु हुनेको सङ्ख्या ७२ हजार २४९ पुगेको छ भने १ लाख ७१ हजार ८९८ जना घाइते भएका छन् । क्षेत्रीय द्वन्द्व अझै चर्किँदै गएको देखिएको छ।

# को बन्लान् बालेनका वातावरण–सारथि ?



श्रीराम सुवेदी




झन्डै दुई तिहाइको बलमा बन्न लागेको सरकारप्रति असीमित अपेक्षा छन् । त्यो भूमिकामा सरकार खरो उत्रनुपर्ने बाध्यता छ । तीमध्ये जलवायु परिवर्तनलाई सरकारले प्राथमिकता दिनुपर्नेछ। यस विषयलाई नेतृत्व गर्न वन तथा वातावरण मन्त्रीको भूमिका हुन्छ । मन्त्रीमा विषयविज्ञतासँगै सञ्चार र कूटनीतिक क्षमता भएको व्यक्ति चयन हुनुपर्ने देखिन्छ।

निर्वाचनका बेला वातावरण, प्रदूषण नियन्त्रण र जलवायु परिवर्तनका विषयमा युवा मतदाता बढी संवेदनशील र सक्रिय देखिएका छन् । त्यो युवाजनसंख्याको चासो र चिन्तालाई सम्बोधन गर्न पनि सक्षम नेतृत्व अपरिहार्य छ । बाह्य विश्वमा नेपालका दृष्टिकोण राख्न र आफ्नो हितलाई सुनिश्चित गर्न यसअघि परम्परागत हिसाबमा परराष्ट्र र अर्थमन्त्रीले निर्वाह गर्नेभन्दा अझ सशक्त र जुझारु भूमिका अबका वन तथा वातावरण मन्त्रीको हुनुपर्छ ।

प्रस्ट छ, जलवायु परिवर्तन वर्तमान विश्वका लागि सबैभन्दा ठुलो चुनौतीमध्ये एक हो तर यसको प्रभाव सबै देश र स्थानमा समान छैन । विडम्बना, विश्वव्यापी कार्बन उत्सर्जनमा अत्यन्त न्यून योगदान गर्ने देश नै यसको सबैभन्दा ठुलो मारमा परिरहेका छन् । नेपाल त्यही श्रेणीमा पर्छ । हिमनदीहरू तीव्र गतिमा पग्लिरहेका छन्, हिमताल फुट्ने जोखिम बढ्दै गएको छ, वर्षा प्रणाली अस्थिर हुँदै गएको छ र हिमाली तथा पहाडी पारिस्थितिक प्रणालीहरू दबाबमा छन् तर यति ठुलो संकटबिच पनि नेपालले जलवायु कूटनीतिलाई पूर्ण रूपमा उपयोग गर्न सकेको देखिँदैन ।

नेपालले अन्तर्राष्ट्रिय जलवायु वार्तामा 'अति कम विकसित देशहरू' (एलडिसी), पर्वतीय मुलुक लगायत चीन र जी-७७ जस्ता समूहभित्र रहेर आफ्नो र सामूहिक आवाज उठाउने गरेको छ तर जसरी टापु राष्ट्रहरूले समुद्री सतह बढ्ने खतरालाई विश्वव्यापी नैतिक संकटका रूपमा प्रस्तुत गरेर ठुलो अन्तर्राष्ट्रिय समर्थन र जलवायु वित्त आकर्षित गरेका छन्, त्यही अनुपातमा हाम्रा प्रयास हुन सकेका छैनन् । आर्कटिक क्षेत्रका देशहरूले पनि ध्रुवीय जलवायु मुद्दालाई बलियो कूटनीतिक अजेन्डा बनाएका छन् ।

नेपालले पनि 'सगरमाथा संवाद'जस्ता पहलमार्फत हिमाली मुद्दा उठाउने प्रयास त गरेको छ तर ती पहलहरू निरन्तर र सशक्त कूटनीतिक रणनीतिका रूपमा विकसित हुन सकेका छैनन् । त्यसैले जलवायु परिवर्तनजस्तो विश्वव्यापी मुद्दामा प्रभाव पार्न नेपालले अझ सशक्त, दीर्घकालीन र रणनीतिक जलवायु कूटनीति अवलम्बन गर्नुपर्ने आवश्यकता छ ।

नेपालले जमिनी प्रमाणका आधारमा अन्तर र्राष्ट्रिय जलवायु मञ्चमा प्रस्तुत हुन, पैरवी गर्न र नेतृत्वदायी भूमिका निर्वाह गर्न आवश्यक भइसकेको छ ।

नेपालका लागि स्वच्छ ऊर्जा क्षेत्रको हरित रूपान्तरणलाई आत्मसात गर्दा आन्तरिक अवसर उत्तिकै छन् । स्वच्छ ऊर्जाको प्रयोग, कृषि, उद्योग, यातायात तथा पूर्वाधार क्षेत्रलाई जलवायु मैत्री बनाउँदै आगामी दिनमा जलवायु केन्द्रित अर्थतन्त्र समृद्धिको आधार बन्न सक्छ। त्यसो नगर्दा नेपालले यसअघि हासिल गरेको विकास र अब चाहेको विकास दुवै जोखिममा पर्नेछन् ।

अहिले नै जलवायु परिवर्तनले कुल गार्हस्थ्य उत्पादनमा केही प्रतिशतले प्रभाव पारेको सन्दर्भमा आगामी दिनमा यो झन् बढ्ने प्रस्ट छ। क्लाइमेट एनालिटिक्सको अध्ययन अनुसार हालको तापक्रम वृद्धिदर यथावत रहेमा सन् २०५० सम्म नेपालको कुल गार्हस्थ्य उत्पादन करिब १८ प्रतिशतले घट्न सक्ने अनुमान गरिएको छ ।

यसरी, नेपालको समृद्धि र दीर्घकालीन विकासको सपनासँग जोडिएको यो विषयलाई सम्बोधन गर्न नेपालले एकातिर आन्तरिक गृहकार्य र तयारी गर्नुपर्ने हुन्छ भने बाह्य अवसर र सहयोग भित्र्याउन तथा बाह्य मञ्चमा नेपालको उपस्थितिलाई सुदृढ र प्रभावकारी पार्नैपर्छ ।

यसअघिको सरकारले हालको वन तथा वातावरण मन्त्रालयलाई वन, वातावरण तथा जलवायु परिवर्तन मन्त्रालय नामकरण गर्ने निर्णय गरेको थियो । त्योभन्दा अघिको सरकारले अन्तर्राष्ट्रिय जलवायु वार्तामा नेपालले स्थायी प्रकृतिको वार्ता टोली बनाउने निर्णय गरेको थियो । तर ती कार्यान्वयनमा जान सकेनन् । यसले हाम्रा भनाइ र गराइमा कति आनाको तान फरक छ भन्ने देखिन्छ । हामी वातावरण जस्तो गम्भीर विषयमा कति असंवेदनशील छौं भन्ने प्रमाण हो यो ।

### बदलिँदो जलवायु कूटनीति

सन् १९९० को दशकदेखि जलवायुसम्बन्धी विश्वव्यापी वार्ता मुख्यतः जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसिसिसी) अन्तर्गत हुँदै आएको छ। सन् १९९२ को उक्त सन्धि र सन् १९९७ को क्योटो प्रोटोकलले अन्तर्राष्ट्रिय जलवायु शासनको आधार तयार पारेका हुन् । सुरुवाती चरणमा यी वार्ताहरू मुख्यतः राष्ट्र-राष्ट्र बिचको सहमतिमा आधारित थिए तर समयक्रमसँगै जलवायु कूटनीति व्यापक सञ्जालमा रूपान्तरित भएको छ ।

आज जलवायु नीतिमा सरकारहरू मात्र होइन, वैज्ञानिक समुदाय, गैरसरकारी संस्था, निजी क्षेत्र, सहर र नागरिक समाजले पनि महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् । यसलाई कतिपयले 'नेटवर्क कूटनीति' पनि भन्छन् । यस्तो अवस्थामा साना देशहरूले पनि आफ्ना विशेष मुद्दाहरू उठाएर अन्तर्राष्ट्रिय ध्यान आकर्षित गर्न सक्छन् । नेपालका लागि त्यो मुद्दा हिमालय हो, जलवायु न्यायको विषय हो, यथेष्ट जलवायु वित्त भित्र्याउने विषय हो ।

हुन पनि हिन्दकुश हिमालय क्षेत्रलाई 'तेस्रो ध्रुव' भनेर चिनिन्छ । ध्रुवीय क्षेत्रपछि विश्वको सबैभन्दा ठुलो हिम भण्डार यही क्षेत्रमा छ । यहींबाट बग्ने नदीले दक्षिण एसियाका करिब दुई अर्ब मानिसको जीवन र जीविकोपार्जनलाई आधार प्रदान गर्छन् । गंगा, ब्रह्मपुत्र, सिन्धु लगायतका प्रमुख नदीको मुहान यही हिमालय क्षेत्र हो तर जलवायु परिवर्तनका कारण हिमनदीहरू तीव्र गतिमा पग्लिरहेका छन् ।

वैज्ञानिक अध्ययनहरूले हिमालयको ठुलो हिस्सा आगामी दशकहरूमा गम्भीर जोखिममा पर्न सक्ने चेतावनी दिएका छन् । यो प्रवृत्ति जारी रह्यो भने यसले पानीको सुरक्षा, कृषि, ऊर्जा उत्पादन र क्षेत्रीय स्थायित्वमा गम्भीर असर पार्न सक्छ । त्यसैले हिमालय संरक्षण नेपाल र एसियाको मात्र होइन, विश्वव्यापी सरोकारको विषय हो। नेपालले यही तथ्यलाई आफ्नो जलवायु कूटनीतिको केन्द्रमा राख्नुपर्छ ।

चीन र भारतलाई जोड्ने कूटनीतिक अवसर पनि नेपालसँग छ। वैज्ञानिक प्रमाणको आधारमा र साझा हितका लागि नेपालले चीन, भारत, भुटान लगायत देशलाई समेटेर हिमालय क्षेत्रका लागि जलवायु निर्दिष्ट सहकार्य पहल गर्न सक्छ ।

यस्तो पहलले हिमनदी अनुगमन, वैज्ञानिक अनुसन्धान, हिमताल फुट्ने जोखिमका लागि प्रारम्भिक चेतावनी प्रणाली र दिगो पूर्वाधार विकासजस्ता क्षेत्रमा सहकार्य बढाउन सक्छ। अझै पनि यो दिशामा सूचना साझेदारीका एकीकृत पहल हुन सकेका छैनन्, भएका प्रयास टुक्राटाक्रे छन् । यसले नेपाललाई क्षेत्रीय कूटनीतिक सेतुको भूमिकामा स्थापित गर्न सक्छ ।

अर्कातिर यी दुवै देश विश्वका प्रमुख कार्बन उत्सर्जक राष्ट्र हुन् र दुवै हिमालयसँग प्रत्यक्ष रूपमा जोडिएका छन् । यी देशले गर्ने उत्सर्जनले नेपाल र हिमालय क्षेत्र प्रभावित भइरहेका छन् भन्नेमा कुनै आशंका छैन तर यी देशलाई संकट र समस्याको स्रोत मात्र मानिरहँदा अगाडि बढ्ने बाटो र सहकार्यको बाटो प्रभावित हुन सक्छ ।

अवसरका हिसाबले यी दुवै देश नवीकरणीय ऊर्जा क्षेत्रमा विश्वमा अग्रणी स्थानमा छन् । बलियो आर्थिक र जलवायु कूटनीतिमार्फत नेपालले आफ्ना छिमेकीले गरेका प्रयोग र प्रविधि भित्र्याउन सक्छ र समृद्धिको यात्रामा अगाडि बढ्न सक्छ ।

नेपालका लागि अर्को चुनौती भनेको जलवायु वित्त आकर्षित गर्ने हो । विश्वव्यापी जलवायु सम्झौताहरूले विकासशील देशहरूलाई सहयोग गर्न ठुलो वित्तीय प्रतिबद्धता गरेका छन् तर नेपालले जोखिमको अनुपातमा अपेक्षित जलवायु वित्त प्राप्त गर्न सकेको छैन। यसको एउटा कारण यसका लागि आन्तरिक क्षमताको विकास र कूटनीतिक पहल कमजोर हुनु पनि हो ।

त्यसैले नेपालले हिमालयलाई विश्वव्यापी जलवायु र जलस्रोत सुरक्षासँग जोडेर प्रस्तुत गर्न सकेमा अन्तर्राष्ट्रिय सहयोग बढ्न सक्छ । साथै, स्पष्ट र प्रभावकारी जलवायु परियोजनाहरू तयार पार्नु पनि उत्तिकै महत्त्वपूर्ण छ । हरित जलवायु कोषलगायतका जलवायुसँग जोडिएका अन्तर्राष्ट्रिय कोषबाट सहयोग प्राप्त गर्न नेपालले राम्रो तयारीसहित परियोजना बनाउनुपर्छ ।

यो समग्र सन्दर्भमा सबैभन्दा महत्त्वपूर्ण कुरा नेतृत्व र रणनीतिक सोचको आवश्यकता हो। अन्तर्राष्ट्रिय वार्तामा प्रभाव पार्न कूटनीतिक क्षमता, वैज्ञानिक र आधारभूत ज्ञान तथा दीर्घकालीन रणनीति सबै चाहिन्छ।

जलवायु कूटनीतिका लागि विशेष दक्षता भएका कूटनीतिज्ञ तयार गर्न पनि आवश्यक छ । अबको नेतृत्वले यसमा काम गर्न आवश्यक छ । जलवायु परिवर्तनजस्तो बहुआयामिक विषयको सन्दर्भमा नेपालले परराष्ट्र मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, अर्थ, कृषिलगायत अनुसन्धान संस्थाबिच राम्रो समन्वय विकास गर्नुपर्छ । जलवायु परिवर्तनलाई हेर्ने शक्तिशाली र निर्दिष्ट निकायको आवश्यकताको माग यही सन्दर्भमा आएको हो ।

जलवायु संकटले हामीलाई संकटतर्फ धकेलेको छ तर यही संकट नेपालका लागि कूटनीतिक र आर्थिक अवसर पनि बन्न सक्छ । नेपालले हिमालय संरक्षणलाई विश्वव्यापी अजेन्डामा रूपान्तरण गर्न सकेमा यसले अन्तर्राष्ट्रिय जलवायु वित्त आकर्षित गर्न, क्षेत्रीय सहकार्य बढाउन र विश्व मञ्चमा आफ्नो भूमिका सुदृढ गर्न मद्दत पुऱ्याउन सक्छ।

अब बन्ने सरकारलाई नेतृत्व दिन तम्तयार रहेका बालेन्द्र शाहले यो आवश्यकता र चुनौतीलाई चिर्न सक्रिय र अग्रसर भूमिका खेल्न सक्ने सारथि ल्याउलान् त? उत्तर केही दिनमा आउने नै छ।

*(नागरिक)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्ने छ

**वृष** — प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । मिहिनेत गर्दा कार्यसिद्धिको समय छ। राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। सामाजिक नेतृत्व हातलागी हुनेछ।

**मिथुन** — उपलब्धि प्राप्त गर्न केही कुरा त्याग्नुपर्ला । काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ने देखिन्छ। धेरै समय अरूका लागि जुट्नुपर्नेछ।

**कर्कट** — व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ।

**सिंह** — घुमफिर तथा मनोरञ्जनको समय छ। रचनात्मक काम बन्नुका साथै मनग्य धन आर्जन हुनेछ। विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ।

**कन्या** — प्रयत्न गर्दा स्रोतसाधन जुटाउन सकिनेछ । पछिका लागि लगानी गर्नुपर्ने समय छ । खर्च लागे पनि उपलब्धिले दिन उत्साहजनक रहनेछ।

**तुला** — कुनै अवसर प्राप्त भए पनि कामको मेसो नमिल्दा योजना पूरा नहुन सक्छ। आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन् ।

**वृश्चिक** — बेसुरमा वचन दिने बानीले व्यवहारमा अप्ठ्यारो पर्न सक्छ । निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले सजग रहनुपर्ला।

**धनु** — नयाँ योजनाका साथ नौलो प्रकृतिको काम शुभारम्भ गर्ने मौका छ। हिम्मतले जटिल कामसमेत सम्पादन गर्न सकिनेछ। मेहनतले दैनिकीमा परिवर्तन आउनेछ।

**मकर** — खर्चिलो काम थाल्नाले समस्या पर्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ । अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ।

**कुम्भ** — आफन्तसँग भेटघाट हुनाले परिवेश उल्लासमय रहनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् ।

**मीन** — आकस्मिक खर्चले धन संग्रहमा बाधा पुग्नेछ। आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् । चिताएका काम गर्ने क्रममा बाधा आउन सक्छ।

# 'राष्ट्रिय पुँजी निर्माणमा केन्द्रित हुन आवश्यक'

**युग संवाददाता**
**काठमाडौँ, ४ चैत ।**

अर्थमन्त्री रामेश्वरप्रसाद खनालले उपलब्ध तरलतालाई उत्पादनशील क्षेत्रमा परिचालन गरी राष्ट्रिय पुँजी निर्माणमा केन्द्रित हुनुपर्ने बताएका छन् । नागरिक लगानी कोषको ३६ औँ वार्षिकोत्सव कार्यक्रममा अर्थमन्त्री खनालले हाल बैंकिङ प्रणालीमा ब्याजदर घटेको र तरलता पर्याप्त रहेको अवस्थामा त्यसलाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता औँल्याए ।



उनले ठूला पूर्वाधार तथा दीर्घकालीन लगानी आवश्यक पर्ने आयोजना अघि बढाउनुपर्ने बताउँदै बूढीगण्डकी जलविद्युत् आयोजनाजस्ता परियोजनामा सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडलमार्फत लगानी बढाउन सकिने गरी प्रक्रिया अगाडि बढाइएको जानकारी दिए । निष्क्रिय पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्नेमा उनले जोड दिए ।

अर्थमन्त्री खनालले मध्यपूर्व क्षेत्रमा देखिएको द्वन्द्वले नेपालको आपूर्ति शृङ्खलामा असर पर्न सक्ने र मूल्यवृद्धि जस्ता समस्या आउन सक्ने भन्दै त्यसलाई समाधान गर्न आगामी दिनमा विशेष ध्यान दिनुपर्ने धारणा राखे ।

"अहिले शोधनान्तर र चालु खाता बचतमा छन्, गत आर्थिक वर्षको तुलनामा सरकारी राजस्व पनि बढेको छ", उनले भने, "धेरै आर्थिक सूचकहरू सुधारोन्मुख छन् । अब लगानीकर्ताको हातमा पुँजी पुग्ने वातावरण सिर्जना गर्नुपर्ने बेला आएको छ ।" उनले वैकल्पिक वित्त परिचालनसम्बन्धी कानुन शीघ्र निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउँदै विभिन्न अवकाश कोषमा लागिरहेको करको विषयमा पुनर्विचार गरिनुपर्ने बताए ।

समान प्रकृतिको आम्दानी तथा सामाजिक सुरक्षासम्बन्धी रकममा न्यून कर लगाउनुपर्नेमा अर्थमन्त्री खनालले जोड दिए । सरकारी स्वामित्वका धेरै संस्थाहरू समस्याग्रस्त हुने गरेको उल्लेख गर्दै नागरिक लगानी कोषले व्यवसायिक सफलता हाँसिल गर्न सफल भएको उनले बताए । नेपाल वायुसेवा निगममा कोषबाट प्रवाहित कर्जाको असुलीका विषयमा पनि सरकारको नीतिगत जमानीको आधारमा उपयुक्त विकल्प खोज्नुपर्ने उनको भनाइ छ ।

कोषले लगानी गर्दा जोखिम व्यवस्थापनमा सचेत हुनुपर्ने उल्लेख गर्दै विभिन्न अवकाश कोषको सम्पत्ति-दायित्व व्यवस्थापनका लागि दीर्घकालीन ऋणपत्र जारी गर्न आवश्यक रहेको उनले बताए । कार्यक्रममा नागरिक लगानी कोषका अध्यक्ष तुलसीप्रसाद घिमिरेले उच्च तथा दिगो आर्थिक विकासका लागि कोषले महत्त्वपूर्ण भूमिका खेल्दै आएको बताए ।

उनले उत्पादनशील तथा पूर्वाधार क्षेत्रमा लगानी विस्तार गर्न आवश्यक रहेको उल्लेख गर्दै कोषले विभिन्न बचत योजनाहरू सफलतापूर्वक कार्यान्वयन गरिरहेको जानकारी दिए । नियामक निकायको मार्गदर्शन र कर्मचारीको समर्पणका कारण कोषले व्यावसायिक प्रगति हासिल गर्न सकेको उनको भनाइ छ ।

नागरिक लगानी कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले कोषको लगानीलाई विविधीकरण गर्न आवश्यक रहेको बताए । उनले कोषले सङ्कलित रकमलाई विभिन्न क्षेत्रमा लगानी गर्दै आएको जानकारी दिए । हाल कोषको करिब आधा हिस्सा बैंक तथा वित्तीय संस्थामा मुद्दती निक्षेपका रूपमा लगानी गरिएको, करिब २२ प्रतिशत सापटी तथा कर्जामा र विभिन्न संस्थाका शेयरमा लगानी रहेको उनले बताए ।

उनका अनुसार करिब आधा लगानी बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा रहेको र ब्याजदरमा आएको गिरावटका कारण कोषको नाफामा पनि असर पर्नसक्ने देखिएको छ । लगानी विविधीकरण हुन नसके आम्दानीमा गिरावट आउने जोखिम रहेको उनको भनाइ छ ।

कार्यकारी निर्देशक कार्कीले सरकारले प्राथमिकतामा राखेका पूर्वाधार तथा उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता औँल्याए । कोषले सबै प्रदेशमा शाखा सञ्जाल विस्तार गर्दै सेवा प्रवाहमा डिजिटल प्रविधिको प्रयोग बढाएको पनि उनले बताए । आन्तरिक सुशासन, पारदर्शी तथा अद्यावधिक हिसाब प्रणालीलाई सुदृढ गर्दै कोषलाई दिगो प्रतिफल दिने संस्थाका रूपमा विकास गर्ने लक्ष्य रहेको उनले उल्लेख गरे । साथै ठूलो आयोजनामा लगानी गर्नसक्ने सक्षम संस्थाका रूपमा कोष विकास हुँदै गएको उनको भनाई छ ।

उनले नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषका काममा केही समानता रहेको उल्लेख गर्नुहुँदै त्यसमा स्पष्टता आवस्यक रहेको बताए । नेपाल वायुसेवा निगममा करिब रु २२ अर्ब लगानी गरिएको र उक्त रकम असुलीमा केही कठिनाइ देखिएको जानकारी दिँदै उनले सरकारको ग्यारेन्टीमा ऋण प्रवाह भएकाले त्यसको व्यवस्थापनमा पहल भइरहेको बताए ।

कार्यक्रममा नेपाल बैंकर्स सङ्घका अध्यक्ष सन्तोष कोइरालाले पनि दीर्घकालीन तथा सुरक्षित प्रतिफलका लागि कोषको लगानीलाई विविधीकरण गर्नुपर्ने बताए । कोषले मुद्दती निक्षेपमा मात्रै सीमित नभई ऋणपत्रलगायत विभिन्न वित्तीय उपकरणमा लगानी विस्तार गर्न आवश्यक रहेको उनले उल्लेख गरे । ब्याजदर कहिलेकाहीँ अत्यधिक बढ्ने र कहिले घट्ने भएकाले लगानीलाई दीर्घकालीन रूपमा सुरक्षित बनाउन विभिन्न उपकरण प्रयोग गर्नुपर्ने उनको भनाइ छ । उनका अनुसार हाल बैंकिङ क्षेत्रमा करिब रु ७७ खर्ब निक्षेप सङ्कलन भएको छ भने करिब रु ५८ खर्ब कर्जा लगानी रहेको छ ।

चालु आर्थिक वर्षमा बैंकिङ क्षेत्रको विस्तार दर भने करिब तीन दशमलव नौ प्रतिशत हाराहारीमा मात्रै सीमित रहेको उनले जानकारी दिए । अध्यक्ष कोइरालाले पछिल्लो समय बैंकहरूले प्रवाह गरेको ऋण उठाउन पनि चुनौती देखिएको बताए ।

# बराहतालमा परम्परागत मान्यताका कारण कुपोषण अन्त्यमा चुनौती



**युग संवाददाता**
**सुर्खेत, ४ चैत ।**

बराहताल गाउँपालिकामा परम्परागत तथा हानिकारक सामाजिक मान्यताका कारण कुपोषण अन्त्य गर्न अझै चुनौती रहेको सरोकारवालाहरूले बताएका छन् । बुधबार सुन्दर नेपाल संस्थाले सञ्चालन गरिरहेको पोषण परियोजना अन्तर्गत धार्मिक अगुवा तथा सामुदायिक नेताहरूसँग आयोजित सामाजिक मान्यता र अभ्यास सम्बन्धी छलफल कार्यक्रममा यस्तो तत्थ सार्वजनिक भएको हो ।

कार्यक्रममा धार्मिक अगुवा खड्कबहादुर कार्कीले केही परम्परागत मान्यता र अभ्यासहरू नै कुपोषण अन्त्यका लागि बाधक बनेको उल्लेख गरे । उनले बालबालिका तथा महिलाको पोषण सुधारका लागि यस्ता हानिकारक अभ्यास परिवर्तन आवश्यक रहेकोमा जोड दिए । यस्तै, बड्डिचौर टोल विकास संस्थाकी अध्यक्ष इमा पोखेलले महिनावारी र गर्भावस्थामा खान मिल्ने र नमिल्ने भन्दै गरिएको विभेदले आमा र बच्चा कुपोषणको जालोमा परेको बताइन ।

त्यसै गरी, बराहताल गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मी पुनले बहुक्षेत्रीय पोषण कार्यक्रम र पालिकाका आफ्नै योजनामार्फत पोषण सुधारमा निरन्तर काम भइरहेको बताइन् । उनले स्थानीय स्तरमा समन्वय र सचेतना अभिवृद्धि गर्दै कुपोषण न्यूनीकरणमा जोड दिइएको स्पष्ट पारिन् ।

स्वास्थ्य शाखाकी प्रमुख विष्णु गुरुङ्गले सरकारी तवरबाट कुपोषण अन्त्यका लागि धेरै प्रयास भइरहको भएपनि कतिपय हानिकारक मान्यताका कारण यसको चक्र तोड्न निकै चुनौती रहेको बताइन । उनले आमनागरिकले कुपोषणको चक्र तोड्न व्यवहार परिवर्तन गर्नुपर्नेमा जोड दिइन ।

पोषण परियोजनाकी कार्यक्रम संयोजक मनु सापकोटाले सुर्खेत जिल्लाका पाँच वटा स्थानीय तहमा पोषण अवस्था सुधार गर्न परियोजना कार्यान्वियन भइरहेको जानकारी दिइन् । उनका अनुसार टोल सुधार समिति, आमा समूह, धार्मिक अगुवा तथा बाल क्लबमार्फत विभिन्न सचेतनामूलक र व्यवहार परिवर्तनका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

उनले परियोजना लागु भएका पालिकामा आमा तथा बच्चाको कुपोषणको अवस्था मापन गरिएको उल्लेख गर्दै केही समयमा त्यो रिपोर्ट सार्वजनिक गर्न लागेको बताइन । कार्यक्रमका सहभागीहरूले कुपोषण अन्त्यका लागि सामाजिक सोच र व्यवहार परिवर्तन अपरिहार्य रहेको निष्कर्ष निकालेका थिए ।

## कैलाली...

राजस्व सङ्कलन भएको उनले जानकारी दिए ।

गत आर्थिक वर्ष २०८१/८२ मा राजस्व सङ्कलन लक्ष्यमा पुग्न सकेको थिएन् । गत आर्थिक वर्षमा रु ११ अर्ब १६ करोड २६ लाख राजस्व सङ्कलनको वार्षिक लक्ष्य रहेकामा रु आठ अर्ब ६६ करोड ९८ लाख मात्रै राजस्व सङ्कलन भएको सूचना अधिकारी तिमिल्सिनाले बताए । यो वार्षिक लक्ष्यको ७७ दशमलव ६७ प्रतिशत मात्रै हो ।

# चौकुनेमा पालिका स्तरीय समन्वयात्मक बैठक

**युग संवाददाता**
**सुर्खेत, ३ चैत ।**

चौकुने गाउँपालिकामा सामुदायिक सशक्तिकरण र समग्र विकासलाई टेवा पुऱ्याउने उद्देश्यले संस्थागत पालिका स्तरीय समन्वयात्मक बैठक सम्पन्न भएको छ । स्याक नेपालको आर्थिक सहयोगमा आयोजित उक्त कार्यक्रममा विभिन्न शाखा, वडा तथा सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रममा समाज जागरण केन्द्र स्याक नेपाल चौकुनेका संयोजक गणेश बि.क. ले कार्यक्रमको मुख्य उद्देश्य प्रस्तुत गर्दै चौकुने गाउँपालिकामा आगामी वर्षभित्र सञ्चालन गरिनुपर्ने प्राथमिकताका कार्यहरूबारे स्पष्ट पारेका थिए । उनले स्थानीय तह, शाखा तथा समुदायबीच समन्वय र सहकार्य आवश्यक रहेकोमा जोड दिए ।

पालिका अध्यक्ष खडक बिवस बाँसपानेको प्रमुख आतिथ्यता, गाउँपालिका उपाध्यक्ष नर बहादुर बान्तोलाको विशेष आतिथ्यतामा, वडा नं. ८ का वडा अध्यक्ष कमल जी.सी., वडा नं. ६ का वडा अध्यक्ष गोबिन्द थापा, वडा नं. ७ का वडा अध्यक्ष धनिराम धमाला लगायत चौकुने गाउँपालिका विभिन्न शाखाका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

गाउँपालिका अध्यक्ष बासपानेले स्थानीय स्तरमा स्याक नेपालले समुदायमा शिक्षा, स्वास्थ्य, सशक्तिकरण तथा दिगो विकासका क्षेत्रमा पुऱ्याएको योगदान अत्यन्त प्रशंसनीय रहेको बताउँदै स्थानीय स्तरमा सीप विकास, युवाहरूलाई स्वरोजगारतर्फ उन्मुख गराउने तथा सामाजिक सचेतना सहकार्य र समन्वयबाट समुदायको समग्र विकासमा थप टेवा पुग्ने विश्वास रहेको व्यक्त गरे ।

## टुङ्गिएन...

प्रदेश अस्पतालमा पुगेर इनिशाको सब परिक्षण गरेको थियो । त्यो परिक्षणबाट जबर्जस्ती करणीका क्रममा संवेदनशील अङ्गमा गम्भीर चोट लागेर अत्यधिक रक्तश्राप भइ उनको मृत्यु भएको उल्लेख छ ।

अस्पतालको यस्तो रिपोर्ट पीडित परिवारलाई अपत्यारिलो लागिरहेको छ । संवेदनशील अङ्ग पनि छेद बिछेत भएको अवस्थामा भेटिएकाले यसलाई उनीहरुले क्रुर सामुहिक बलात्कार र हत्या मानेका छन् । दोषीहरुले हदैसम्मको सजाय पाउन भन्ने उनीहरुको माग छ । घटनाको १२ दिनसम्म पनि वास्तविक तथ्य बाहिर नल्याएको भन्दै परिवारले इनिशाको शव बुझ्न मानिरहेको छैनन् ।

सामुहिक बलात्कार पछि हत्या भएको घटनामा मृत्युको कारण रक्तश्राप देखाएर दोषीलाई उम्काउन खोजिएको उनीहरुको आशंका वा आरोप छ, होइन भने प्रहरीले यस्तो भएको हो भन्ने विश्वासिलो आधार देखाउनु पर्ने उनीहरुको माग छ । अहिले उनीहरु आन्दोलित बनेका छन् ।

इनिसाको सबले कर्णाली प्रदेश अस्पतालको सवगृहमा न्याय कुरिरहेको छ । इनिशाको सामुहिक बलात्कार पछि हत्या भएको भन्दै नागरिक समाज र अधिकारकर्मीहरुले न्यायको आवाज उठाएपछि दबाबमा परेको सुर्खेत प्रहरीले घटनाबारी अनुसन्धान गर्ने जिम्मा अब सीआइबीलाई लगाएको छ । अर्थात सीआइबीको सहयोग पनि लिएको छ ।

इनिसाको न्यायका लागि काठमाडौँमा समेत अधिकारकर्मीहरुले आवाज उठाइरहेका छन् । त्यो दिन स्कुल जान भनेर हिडेकी छोरीलाई कुरेकी आमा तिला अब क्रुर ढंगले मारिएकी छोरीका लागि न्याय कुरिरहेकी छन् । पीडित परिवारले घटनाको अनुसन्धान निर्मला पन्तको जस्तो अधुरो रहने आशंका व्यक्त गरिरहेका छन् ।

**गुर्भाकोट नगरपालिका**
**नगर कार्यपालिका कार्यालय**
**सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना**

**(प्रकाशित मिति २०८२/१२/०५ गते)**

सुर्खेत गुर्भाकोट नपा. वडा नं. ८ बस्ने श्री सविता बस्नेत (राना)ले यस गुर्भाकोट नपा. वडा नं. ८ साविक मेहेलकुना १ क कि.नं. २३७०, क्षेत्रफल १८१.५६ वर्ग मी. मा घर अभीलेखिकरणका लागि यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल :**

**पूर्व जग्गाधनी** : जयलाल वि.क. (कि.न. ८५४)
**पश्चिम जग्गाधनी** : चक्र बहादुर सुनार (कि.न. २९८३)
**उत्तर जग्गाधनी** : पुठे कामी (कि.न. ३२६०)
**दक्षिण जग्गाधनी** : छिन्चु जाजरकोट सडक

**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८२/१२/०५**

यस कार्यालयबाट प्रकाशित तपशिलमा उल्लेखित खरिद नं. र खरिद कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र कार्यालयमा दर्ता भएका बोलपत्र मध्ये निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम, मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिएकाले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने सूचना जारी गरिएको छ ।

**तपशिल**

| खरिद नं. | कामको विवरण | बोलपत्रदाताको नाम ठेगाना | कबोल अंक रु. |
|---|---|---|---|
| BANKE/KOMUN/W/SQ-03/2082/083 | Chhabilal Chalaune Ko Ghar Dekhi Bagari Nala Samma Sadak Kalopatre, Kohalpur-07, Banke. | Gihon Construction Pvt. Ltd, Kohalpur-11, Banke. | 15,78,006.43 |
| BANKE/KOMUN/W/SQ-05/2082/083 | Construction of Incomplete Building of Gurung magar sangralaya, Kohalpur-02, Banke. | Anameka Construction, Chisapani-1, Banke. | 8,81,449.08 |
| BANKE/KOMUN/G/SQ-03/2082/083 | Procurement of Insurance Medicine For Kohalpur Municipality, Banke. | Samundra Medico Pharma, Rupandehi. | 7,95,108.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

**Birendranagar Municipality**
**Office Of The Municipal Executive**
**Birndranagar, Surkhet**
**Karnali Province, Nepal**

**Invitation For Bids**

**(First Date of publication: - 2082.12.05 B.S.)**

१. Birendranagar Municipality Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.

२. Eligible Bidders may obtain further information at the Birendranagar Municipality, Birendranagar Surkhet Phone No: 9858063111& PPMO website.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT & PS) | Bid Security, |
|---|---|---|---|---|
| NCB/BM/W/082/083/65 | Sanilekh Bhitri Khola Road Construction Work, Birendranagar-16, Surkhet | NRs. 3000.00 | 2,436,069.06 | 63,300.00 |

**Chief Administrative Officer**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# बाँकेमा 'आगो नियन्त्रण दस्ता' निर्माण



**युग संवाददाता**
**नेपालगञ्ज, ४ चैत ।**

बाँकेमा डढेलो नियन्त्रणका लागि 'आगो नियन्त्रण दस्ता' निर्माण गरिएको छ। जिल्लास्थित वन डिभिजन कार्यालयले जिल्लामा २४ जनाको दस्ता निर्माण गरेको हो। वन डिभिजन कार्यालयका वरिष्ठ वन अधिकृत तथा सूचना अधिकारी टङ्क गुरुङका अनुसार डढेलो लाग्ने क्षेत्रका पहिचान गरी दस्ता निर्माण गरिएको हो।

खास गरी शम्शेरगञ्ज क्षेत्रका लागि १२ र सिक्टा सब डिभिजन वन कार्यालयअन्तर्गत रहेको भूवरभवानी चक्ला वनका लागि १२ जनाको आगो नियन्त्रण दस्ता बनाइएको उनले जानकारी दिए। सूचना अधिकारी गुरुङले जनचेतनामूलक कार्यक्रमसहित विभिन्न कार्यक्रम गर्न वन उपभोक्ता महासङ्घको समन्वयमा डढेलो नियन्त्रणका कार्यक्रम ल्याइएको उल्लेख गर्दै छ हजार लिटर पानीको क्षमता भएको वारुणयन्त्र तयारी अवस्थामा राखिएको बताए। "हामीसँग भएको स्रोत र साधनका हिसाबले हामी डढेलो नियन्त्रण गर्न तयारी अवस्थामा बसेका छौँ", उनले भने। गुरुङले आगलागी भएपछि दस्ताले आगो नियन्त्रण तथा उद्धारका काम गर्ने उल्लेख गरे। बाँकेमा गत वर्ष डढेलो नलागे पनि अघिल्लो वर्ष डढेलो लाग्दा ठूलो मात्रामा वन्यजन्तु मरेका थिए।

वन डिभिजन कार्यालयका प्रमुख शङ्करप्रसाद गुप्ताले डढेलो नियन्त्रणका लागि 'अग्नि नियन्त्रण हेरालु' चार वर्षका लागि नियुक्त गरिएको जानकारी दिँदै उहाँहरूले आगलागी हुन नदिन योजनाबद्ध काम गर्ने बताए। उनले शम्शेरगञ्ज सब डिभिजन वन कार्यालयअन्तर्गतको वन र सिक्टा सब डिभिजन वन कार्यालयअन्तर्गतको वनमा छ/छ जनाको अग्निनियन्त्रण हेरालु रहेका उल्लेख गरे।

प्रमुख अग्निनियन्त्रण हेरालुले फायरलाइन सफा गर्नुका साथै त्यसको संरक्षण गर्ने गुप्ताले जानकारी दिए। उनका अनुसार जिल्लामा १०० किलोमिटर फायरलाइन रहेकामा त्यसलाई बढाएर १२० किलोमिटर पुऱ्याइएको छ। उनले शम्शेरगञ्जमा रु २५ लाखको लागतमा २० हजार लिटर क्षमताको 'ओभर वाटर टयाङ्क' समेत निर्माण भएको उल्लेख गर्दै डढेलो नियन्त्रणमा त्यसले पनि प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे।

**डढेलोका जोखिम न्यूनीकरण गर्न प्रतिकार्य योजना**

बाँकेमा गर्मीयाम सुरु भएपछि चल्ने तातो हावा (लु), आगलागी, हावाहुरी तथा वन डढेलो घटनाका जोखिमलाई न्यूनीकरण गर्न प्रतिकार्य योजना स्वीकृत गरिएको छ। जिल्ला विपद् व्यवस्थापन समिति बाँकेका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङको अध्यक्षतामा बसेको बैठकले आगलागी, वन डढेलो, तातो हावा (लु) तथा हावाहुरीबाट हुनसक्ने क्षतिलाई रोकथाम तथा न्यूनीकरण गर्न पूर्वतयारीलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ।

# जडीबुटीको वास्तविक अवस्था पहिचान गर्न राष्ट्रिय स्रोत सर्वेक्षण सुरु

**सरला सुवेदी**
**बाँके, ४ चैत ।**

नेपालको अर्थतन्त्रमा जडीबुटीको व्यापारले महत्वपूर्ण योगदान दिँदै आएको सन्दर्भमा देशमै पहिलोपटक जडीबुटीको स्रोत सर्वेक्षण सुरु गरिएको छ। वन क्षेत्रमा पाइने बहुमूल्य जडीबुटीहरूको वास्तविक अवस्था, उपलब्धता र संरक्षणको आवश्यकता पहिचान गर्ने उद्देश्यले सुरु गरिएको यो सर्वेक्षणले भविष्यमा नीति निर्माण र दिगो उपयोगमा महत्वपूर्ण आधार तयार पार्ने अपेक्षा गरिएको छ।

जडीबुटी नेपालको प्रमुख प्राकृतिक सम्पदा मध्ये एक हो, जसले ग्रामीण अर्थतन्त्र, आयआर्जन तथा अन्तर्राष्ट्रिय व्यापारमा समेत उल्लेखनीय भूमिका खेल्दै आएको छ। तर, पछिल्लो समय अनियन्त्रित संकलन, दिगो व्यवस्थापनको अभाव र वातावरणीय परिवर्तनका कारण धेरै जडीबुटीहरू संकटमा पर्दै गएको विज्ञहरू बताउँछन्। यही अवस्थालाई मध्यनजर गर्दै वैज्ञानिक आधारमा जडीबुटीको तथ्याङ्क संकलन गर्न सर्वेक्षण थालिएको हो।

जडीबुटी विज्ञ डा. दिपेश प्याकुरेलका अनुसार दिगो संरक्षणको अभावले धेरै जडीबुटी प्रजातिहरू लोप हुने जोखिममा छन्। "हामीसँग पर्याप्त तथ्याङ्क नभएकै कारण संरक्षण र व्यवस्थापन प्रभावकारी हुन सकेको छैन। त्यसैले यो सर्वेक्षण अत्यन्तै आवश्यक र समयसापेक्ष कदम हो," उनले बताए।

एन्साफ नेपालद्वारा सञ्चालन गरिएको "हिमाली जडीबुटीहरूको संरक्षण र दिगो व्यापार" परियोजना अन्तर्गत सुरु गरिएको यो सर्वेक्षणले जडीबुटीको वास्तविक अवस्था, यसको संरक्षण रणनीति र अन्तर्राष्ट्रिय बजारमा प्रवर्धनका सम्भावनाहरू पहिचान गर्न सहयोग गर्ने विश्वास लिइएको छ। परियोजनाले विशेषगरी हिमाली क्षेत्रमा पाइने बहुमूल्य जडीबुटीहरूको अध्ययनमा जोड दिएको छ।

सर्वेक्षण नेपालका २८ वटा हिमाली जिल्लाहरूमा सञ्चालन भइरहेको छ। यस क्रममा ११ वटा प्रमुख जडीबुटीलाई प्राथमिकतामा राखिएको छ। तीमध्ये जटामसी, कुट्की, सेतकचिनी, पाँचऔले, सुगन्धबाल, गुच्ची च्याउ, यार्सा गुम्बा, सतुवा, पदमचाल, वन लसुन लगायतका प्रजातिहरू समावेश छन्। यी जडीबुटीहरू औषधीय तथा आर्थिक दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छन्।

यस सर्वेक्षणमार्फत कुन क्षेत्रमा कति मात्रामा जडीबुटी उपलब्ध छन्, कति संकलन गर्न सकिन्छ र कुन प्रजाति संकटमा छन् भन्ने यथार्थ तथ्याङ्क प्राप्त हुने अपेक्षा गरिएको छ। यसले दीर्घकालीन संरक्षण नीति निर्माण, संकलन व्यवस्थापन र दिगो उपयोगका लागि स्पष्ट मार्गनिर्देशन दिनेछ।

# रास्वपाको योजना समग्र देशको विकास गर्नु होः सभापति लामिछाने

**युग संवाददाता**
**ललितपुर, ४ चैत ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले रास्वपाको योजना समग्र देशको विकास गर्नु रहेको बताएका छन्। रास्वपाद्वारा ललितपुरमा नवनिर्वाचित सांसदका लागि आयोजित अभिमुखीकरण तथा परिचयात्मक कार्यक्रमको समापन समारोहलाई बुधबार सम्बोधन गर्दै उनले सांसदले आफ्नो क्षेत्रको विकास गरेर मात्रै देशले न्याय नपाउने भएकाले समग्र मुलुकको विकासमा केन्द्रित हुन सबैलाई निर्देशन दिए।

सभापति लामिछानेले जनताले दिएको जिम्मेवारी आफूहरूको काँधमा आइपुगेको भन्दै जिम्मेवार भई जनहितमा काम गर्न सबैलाई आग्रह गरे। "संसद्को लोगो लगाएपछि पनि महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्छ, पारदर्शिता राजनीतिको महत्वपूर्ण पक्ष हो। सांसद निर्वाचित भएको व्यक्तिको जनतासँग सधैँ असल सम्बन्ध हुनुपर्छ, जनतासँग सुमधुर सम्बन्ध भएको नेतृत्व बन्नुस्, पाँच वर्ष जनताले आत्मसात् गर्नसक्ने, तपाईंको सम्बन्धले हरेक दिन उत्सव मनाउन सक्ने बनाउनुपर्छ", उनले भने।

रास्वपालाई जनाताले कानुन बनाउने जिम्मेवारी दिएका भन्दै सभापति लामिछानेले कानुन निर्माताका रूपमा गहन जिम्मेवारी छन् भन्ने सबैले बुझ्नुपर्ने धारणा राखे। उनले भने, "बाहना बनाउन नपाउने गरी जनताले जिम्मेवारी दिएका छन्, पुराना राजनीतिक दललाई जनताले ३६ वर्ष कुर्‍यो, हामीलाई ३६ महिना पनि कुर्दैनन्। हामीले आफूलाई केन्द्रमा राखेर हैन, जनता र देशलाई केन्द्रमा राखेर काम गर्नुपर्छ।"

सभापति लामिछानेले पार्टी जन्मेदेखि मुद्दा चलेको स्मरण गर्दै आफूहरूले संरक्षण गर्दै यहाँसम्म पुगेकाले आगामी दिनमा यसलाई थप मजबुत बनाउने जिम्मेवारी हाम्रै रहेको धारणा राखे। उनले भने, "नागरिकको चेतनामाथि विश्वास गरेर हामी अगाडि बढ्छौँ। विचौलियासँग बसेर चिया खानु अगाडि सहिदको बलिदानलाई सम्झिनु होला।"

यो सामान्य निर्वाचनबाट आएको जनमत नभएको भन्दै सभापति लामिछानेले विशेष परिस्थिमा जनतालाई रास्वपालाई विश्वास गरेकाले जिम्मेवारीबोध भई काम गर्न सबैलाई आग्रह गरे। "वैदेशिक सम्बन्धमा आँच आउने खालका सार्वजनिक अभिव्यक्ति नदिनुहोला, प्रभावकारी रूपमा सांसदको जिम्मेवारी निर्वाह गर्नुहोला। मत दिएका जनताको चुलो बल्ने व्यवस्था मिलाउनु होला, सरकारी अस्पतालमा उपचार गराउनु होला, सादगी जीवनशैली अपनाउनुहोला", उनले भने।

# नतिजा सुधारभन्दा गुणस्तरीयतामा ध्यान दिन सुझाव

**युग संवाददाता**
**सुर्खेत, ४ चैत ।**

कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले माध्यमिक शिक्षा परीक्षा (एसइई) नतिजाको सुधारभन्दा पनि गुणस्तरीयतामा ध्यान दिन सुझाव दिएका छन्। शिक्षा विकास निर्देशनालय सुर्खेतद्वारा बुधबार आयोजित एसइई व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रममा उहाँले केवल नतिजाले मात्र शिक्षाको गुणस्तर मापन नहुने भएकाले गुणस्तरीयता प्रमुख आधार भएको जिकिर गरे। यसका लागि विद्यालय शिक्षा सुधारका लागि सबै तहले जिम्मेवार बन्नुपर्ने उनको भनाइ छ।

शिक्षा ऐनलाई मात्र देखाएर कतिपय सामान्य काम पनि हुन नसकिरहेको टिप्पणी गर्दै मन्त्री भण्डारीले सबैले आफ्नो भूमिका अनुसारको जिम्मेवारी पूरा गर्न निर्देशन दिए। उनले भने, "शैक्षिक गुणस्तर सुधारका लागि प्रदेश तहबाट विभिन्न काम भइरहेको छ र आगामी दिनमा गर्नुपर्ने नीतिगत कामप्रति हामी प्रतिबद्ध छौँ।"

विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि राज्यको लगानी थुप्रै भएपनि जीवनोपयोगी शिक्षण सिकाइ हुन् नसकिरहेको मन्त्री भण्डारीले यसका लागि शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिए। परीक्षाको नतिजा परीक्षा सञ्चालन व्यवस्थापनको आधारमा हुने गरेकाले सोही बमोजिम सञ्चालन गर्न उनले सुझाए।

## 'हजारी माला' कथा संग्रह वाचन सम्बन्धि सूचना

यहि मिति २०८२ चैत्र ७ गते मध्यपश्चिम विश्वविद्यालय सभाहल वीरेन्द्रनगर वडा.नं ८ सुर्खेतमा भव्य कार्यक्रम बिच साहित्य स्रजक, सहकारी, गैर सरकारी संघ संस्था साहित्यकलामा रुची हुने महानुभावहरु दिनको १२ वजे उपस्थित हुन हार्दिक अनुरोध गर्द छौ।

**लोक साहित्यकार**
**पृथ्वीवहादुर सिंह**




९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)




**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।